# सम्झना फाइनान्स लिमिटेड, बनेपा, काभ्रेपलाञ्चोकलाई खारेजीको प्रक्रिया अघि बढाउने सम्बन्धमा । (२०६७।११।१)

१. सम्झना फाइनान्स कम्पनी लि., बनेपालाई नेपाल राष्ट्र बैंक ऐन, २०५८ को दफा ८६छ र बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) को खण्ड (ज) बमोजिम किन खारेज नगर्ने भनी बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा ७४ को उपदफा (५) अनुसार १५ (पन्ध्र) दिनभित्र स्पष्टीकरण पेश गर्न निर्देशन दिएको ।

२. उक्त वित्त कम्पनीका तत्कालिन कार्यकारी अध्यक्ष श्यामबहादुर श्रेष्ठ, तत्कालिन प्रमुख कार्यकारी अधिकृत हिमबहादुर गुरुङ्ग, वरिष्ठ प्रबन्धकहरु सरोज बज्राचार्य र विजयमणी आचार्य लगायत प्रविणकुमार खनाल र पवनकुमार खनाल समेतलाई बैंकिङ्ग असुर तथा सजायँ ऐन, २०६४ बमोजिम अपराधको अनुसन्धान तथा आवश्यक कानूनी कार्यवाहीका लागि नेपाल सरकारको सम्बन्धित निकायमा लेखि पठाएको ।

२०६७।११।१